# उजुरी गर्ने

तपाईसँग सुरक्षित, गुणस्तर स्वास्थ्य सेवाको पहुँच पाउने र आदरयुक्त ब्यवहार गरिनु पर्ने अधिकार छ। यस्तो नहुँदा तपाईले आवाज उठाउँदा तपाईको अधिकार सुरक्षित रहन्छ र यसले सबै भिक्टोरियाबासीहरूका लागि स्वास्थ्य प्रणालीमा सुधार ल्याउन मद्दत गर्छ।



थप जानकारी पाउन वा अनलाइन उजुरी फारम भर्न, **www.hcc.vic.gov.au** मा जानुहोस्।

तपाईको उजुरी बारे छलफल गर्न सोमवार देखि शुक्रबार सम्म, बिहान ९ बजे देखि साँझ 5 बजे भित्र बीच **1300 582 113** मा फोन गर्नुहोस्।

HEALTH COMPLAINTS COMMISSIONER



HEALTH COMPLAINTS COMMISSIONER

# उजुरी गर्ने

Nepali | नेपाली

**सुरक्षित र नैतिक स्वास्थ्य समर्थन गर्दै**



# मैले के बारेमा उजुरी गर्न सक्छु?

निम्न मुद्दाहरूमा तपाई उजुरी गर्न सक्छन्:

- असन्तोषजनक उपचार
- भर्ना वा सिफारिस समस्या
- खराब संचार
- आदर वा गोपनीयताको अभाव
- लापरवाही वा अव्यवसायिक व्यवहार
- स्वास्थ्य जानकारीको दुरुपयोग।

तपाईले भिक्टोरियाका कुनै पनि स्वास्थ्य सेवा प्रदायक बारेमा उजुरी गर्न सक्नुहुन्छ। यस अन्तर्गत यो सार्वजनिक वा निजी अस्पताल, सामुदायिक स्वास्थ्य सेवा, डाक्टर र दन्त चिकित्सक एवं दर्तारहित प्रदायकहरू जस्तै परामर्शकर्ता र वैकल्पिक चिकित्सक पर्छन।

तपाईको स्वास्थ्य जानकारी धारण सम्हाल्ने कुनै पनि ब्यक्ति, विद्यालय र व्यायमघर जस्ता गैर-स्वास्थ्य सेवा प्रदायक लगायत जो किही माथि उनीहरूले तपाईको जानकारी कसरी सम्हाले भन्ने बारे उजुरीहरू गर्न सक्नुहुन्छ।

# म कसरी उजुरी गर्न सक्छु?

सब भन्दा पहिला सेवा प्रदायकलाई तपाईको असन्तुष्टि बारे सम्पर्क राख्नहोस्। यदि यो समस्या समाधान भएन वा तपाई उनीसँग सामाना गर्न सक्नु हुन्न भने मद्दतको लागि हामीलाई भन्नुहोस्।

जोकोहीले पनि अनलाइन, फोनबाट वा व्यक्तिरुपमा, उजुरी बुझाउन सक्नुहुन्छ। अरू कसैले तर्फबाट उजुरी गर्दै हुनुहुन्छ भने, तपाईले पहिला उक्त ब्यक्तिको अनुमति लिनु पर्छ।

# त्यसपछि के हुन्छ?

तपाईको उजुरी चाँडै, न्यायपूर्वक र प्रभावकारी समाधान गर्न हामी तपाई र प्रदायक दुबैसँग मिलेर काम गर्छौं।

हामी तपाईको लागि निम्न कुराहरू प्राप्त गर्न सक्छौ:

- के भयो बारेमा व्याख्या
- क्षमा याचना
- उपचारको पहुँच
- रेकर्डको पहुँच
- रकम फिर्ती वा क्षतिपूर्ति
- भविष्यमा यस्ता समस्या रोक्न नीति वा व्यवहारमा परिवर्तन ।

हामी औपचारिक अनुसन्धानहरू पनि शुरु गर्न सक्छौ र खतरनाक स्वास्थ्य सेवा प्रदायकको बारेमा सार्वजनिक चेतावनी जारी गर्न सक्छौ।

हाम्रो सेवा, निःशुल्क, गोप्य र निष्पक्ष हुन्छ।

**हामीलाई सम्पर्क गर्नुहोस्**

थप जानकारी पाउन वा अनलाइन उजुरी फारम भर्न, **www.hcc.vic.gov.au** मा जानुहोस्।

तपाईको उजुरी बारे छलफल गर्न सोमवार देखि शुक्रबार सम्म, बिहान 9 बजे देखि साँझ 5 बजे भित्र बीच **1300 582 113** मा फोन गर्नुहोस्।

हामीलाई Level 26, 570 Bourke Street, Melbourne Victoria 3000 मा भेट्न आउनुहोस् वा पत्राचार गर्नुहोस्।

बहिरा, राम्ररी सुन्न वा बोल्न सक्नुहुन्न?
**relayservice.gov.au**

दोभाषे चाहिन्छ?
टिआईएस नेसनल: **131 450**

यो जानकारी सामान्य प्रकृतिको हो र कानूनी सल्लाह दिने उद्देश्यले होइन